# खार्पुनाथ गाँउपालिका

# शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि - २०७९

**स्वीकृत मिति -२०७९।०८।१४**

**प्रस्तावना:** खार्पुनाथ गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालय र वालविकास मा आवश्यक शिक्षक तथा कर्मचारीहरुको वृद्दी गरी विद्यार्थीको सिकाइ उपलव्धिमा अपेक्षित सुधार गर्ने उदेश्यले खार्पुनाथ गाँउपालिकाले लक्षित गरे अनुसार शिक्षण सिकाइ अनुदान वितरण तथा शिक्षक कर्मचारीहरु व्वस्थापनका लाइ व्यवस्थित गर्न वान्छनिय भएकाले खार्पुनाथ गाँउ कार्यपालिकाको निर्णय वमोजिम यो कार्य विधि वनाइ लागु गरिएको छ।

## परिच्छेद - एक

१. **संक्षिप्त नाम र परिभाषा** : यो शिक्षण कार्यविधिको नाम शिक्षण सिकाइ अनुदान कार्यविधि २०७९ रहेको छ।

२. **परिभाषा विषय वा प्रसंगले अर्को अर्थ न लागेमा** :

क. **अनुमती** भन्नाले गाँउ शिक्षा ऐन २०७९ शिक्षा ऐन २०२८ र नियमावली २०५९ वमोजिम तोकिएको निकायाले दिएको अनुमती वा स्वीकृतीलाइ सम्झनु पर्दछ।

ख. **दरवन्दी** भन्नाले संघिय सरकारवाट विद्यालयलाइ प्राप्त स्वीकृत शिक्षक दरवन्दी जनाउछ र सो शवदले राहत अनुदान कोटा समेतलाइ जनाउछ।

ग. **विद्यालय भननाले** कक्षा वालविकास देखी कक्षा १० सम्म संचालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

घ. **शिक्षण सिकाइ अनुदान** भन्नाले विद्यालयमा भएको जनशक्ती अभावलाइ कम गर्नका लागि प्रति शिक्षक तथा कर्मचारीहरु का दरले त्रैमासिक एकमुष्ठ रुपमा दिइने अनुदानलाइ सम्झनु पर्दछ।

## परिच्छेद - दुइ

## विद्यालय छनोट तथा शिक्षण सिकाइ अनुदानका वितरण

३. **शिक्षण सिकाइ अनुदान वितरणका लागि विद्यालय छनोटका आधारहरु देहाए वमोजिमका हुनेछन।**

- ✓ विद्यार्थी संख्याको चाप तथा वढी भएको र विद्यार्थी संख्याको आधारमा शिक्षक सङख्या अभाव भएका विद्यालयहरु।
- ✓ आधारभूत थतथा माद्यामिक विद्यालयमा विषयगत शिक्षक तथा अन्य कामकाजका लागि आवश्यक जनशक्ती को अभाव भएका विद्यालयहरु।
- ✓ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन भएको हुनु पर्ने।
- ✓ विद्यालयको आर्थिक तथा सामाजिक परीक्षण गरेको हनु पर्ने ।
- ✓ शुन्य दरवन्दी भएका विद्यालयहरु।

४. **शिक्षण सिकाइ अनुदान वितरण**

१. स्थानिय तहले प्राप्त शिक्षण अनुदानको आधारमा शुन्य शिक्षक दरवन्दी भएका विद्यालयहरुलाइ वढीमा ३ जना सम्म शिक्षा तथा कर्मचारीहरुको वेयवस्थापन गर्ने र शिक्षक दरवन्दी पुगेका तर विद्यालय कर्मचारी को भभाव भएका विद्यालयहरुका लागि आवश्यकताअनुसार विद्यालय करमचारी उपलव्ध गराउने।

विष्णु वहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण वहादुर रावल
अध्यक्ष

२. आधारभूत तह कक्षा ६ देखी आठ सम्म संचालित विद्यालयमा अनिवार्य रुपमा एक जना विद्यालय कर्मचारीको व्यवस्था गर्नु पर्ने ।

## परिच्छेद तिन

## शिक्षक तथा कर्मचारीहरुको नियूक्ती र सेवा शर्त सम्वन्धि व्यवस्था

५. **शिक्षक तथा कर्मचारी भर्ना सम्वन्धि व्यवस्था :** विद्यालयले उपलव्ध शिक्षण सिकाइ अनुदानमा शिक्षण सेवा लिदा देहाए अनुसार गर्नु पर्ने छ ।

क. सम्वन्धित विषयको विषय शिक्षक दोहोरो नपर्ने गरी प्रचलित ऐन नथा नियमावली मा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने ।

ख. विद्यालय कर्मचारीको हकमा विद्यालयले आफै कार्यविधि निर्माण गरी लागु गर्न सक्ने ।

ग. छनोट भएका शिक्षक तथा कर्मचारीहरुले विद्यालय संग करार सम्झौता गर्ने । यो करार अवधि सामान्य तया एक शैक्षिक शत्रका लागि हुने ।

घ. शिक्षकको हकमा सम्वन्धित तहको अध्ययापन अनुमती पत्र प्राप्त व्यक्ती योग्य मानिने छ ।

६. यस कार्य विधि अनुसार शिक्षण सिकाइ अनुदान कोटामा छनोट भएका शिक्षक तथा कर्मचारीहरुले देहाए वमोजिमका सुविधा पाउने छन ।

क १. माध्यामिक तहको शिक्षण सिकाइ अनुदानमा छनोट भएका शिक्षकहरुका लागि प्रति महिना ३५९९०।

२. आधार भूत तहको कक्षा ( ६- ८ ) शिक्षण सिकाइ अनुदानमा छनोट भएका शिक्षकहरुका लागि प्रति महिना २८६१० ।

३ प्राथामिक तहको शिक्षण सिकाइ अनुदानका लागि छनोट भएका शिक्षकहरुका लागि प्रति महिना २६६१० ।

४ विद्यालय कर्चारीहरु को लागि प्रति महिना २२०००।

५ वालविकास सहजकर्ताका लागि प्रति महिना १२०००।

६ कार्यालय सहयोगी का लागि प्रति महिना १२०००।

ख. विद्यालयले सिकाइ अनुदानमा छनोट भएका शिक्षक तथा कर्मचारीहरुले तोकिए वमोजिमको सुविधा भन्दन वढी नहुने गरी वढीमा १२ महिनाको पारिश्रमि सुविधा मात्रै पाउने ।

ग. शिक्षक तथा कर्मचारीहरुले चाड पर्व लगायतका अन्य सुविधाहरु नपाउने ।

घ. शिक्षक तथा कर्मचारीहरुको विदा सम्वन्धि व्यवस्था अन्य विद्यालयका शिक्षक तथा कर्मचारीहरु सो सरह हुने ।

**७ करार सम्झौता रद्द हुने : देहाएका अवस्थामा भएमा विद्यालयले जुनसुकै वखत सम्वन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्ने छ ।**

क. विना सूचना लगातार १५ दिन भन्दा वढी विद्यालयमा अनुपस्थित भएमा ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

ख. करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा।

ग. शिक्षक आचार संहितापालना नगरेमा।

घ. विद्यालयले तोकेका अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा।

## परिच्छेद - चार

## विभन्न निकायहरुको भूमिका

**७. स्थानिय तहको भूमिका**

**शिक्षण सिकाइ अनुदानका लागि विद्यालय छनोट तथा अनुदान वितरणमा स्थानिय तहको भूमिका देहाए वमोजिमको हुने छ।**

क. तोकिएको आधार वमोजिम शिक्षण सिकाइ अनुदान प्राप्त गर्ने विद्यालयको छनौट गर्ने।

ख. छनोटमा परेका विद्यालयलाइ शिक्षण अनुदान कोटा अनुसार एकमुष्ट रकम निमासा गर्ने।

ग. प्रचलित कानुन वमोजिम शिक्षण सेवा करारमा लिने।

घ. शिक्षण सिकाइ सूधारका लागि विद्यालय संग समन्वय गर्ने।

ङ. कार्यक्रमको अनुगमन तथा मूल्याङकन गर्ने।

**८. विद्यालयको भूमिका**

क. प्रचलित कानुन वमोजिक नियुक्ती व्वस्था मिलाउने

ख. छनोट भएका शिक्षक तथा कर्मचारीहरु संग करार सम्झौता गर्ने।

ग. करार सम्झौतामा उल्लेख भए अनुसारका सुविधाहरु उपलव्ध गराउने।

घ. स्थानिय तहले दिएको निर्देशनको पालना गर्ने।

## परिच्छेद पाँच

## विविध

९. **थप सुविधा उपलव्ध गराउन सक्ने** : यस कार्य विधि अनार भर्ना भएका शसक्षकहरुलाइ विद्यालयले आफ्नै स्रोत वाट थप सुविधा उपलव्ध गराउन सक्ने छन।

१०. **कार्यविधिको व्याख्या गर्न सक्ने** : कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पस्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार स्थानिय तहमा हुने छ।

११. **प्रचलित कानुन अनुसार हुने** : यस कार्य विधिमा लेखीएका विषयहरु यसै कार्य विधि अनुसार हुने छन र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछन।

१२. **वाझिएमा अमान्य हुने** : यस कार्य विधिमा प्रचलित कानुन संग वाझिएको हद सम्म प्रचलित कानुन नै मान्य हुने छ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङचुबजार, खार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष